राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

**२०७८ साल असार २५ गते शुक्रबार विहान ०८:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ६५औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको "आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" लाई स्वीकृत गर्ने ।

२. चालु आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालन भएका तपशिलका आयोजना तथा कार्यक्रमको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई भुक्तानी दिन निर्देशन दिने ।

तपशिल:

(क) कोभिड अस्पताल घेरावार तथा क्यान्टिन निर्माण रु. ११,००,०००।

(ख) सीप विकास तालिम केन्द्रसँगको साझेदारीमा सम्पन्न विभिन्न तालिम कार्यक्रमको साझेदारी रकम रु. २,४०,०००।

(ग) समृद्ध राक्सिराङ्ग रेडियो कार्यक्रम लाई ४ महिनाको भुक्तानी रु. ८०,०००।

(घ) इन्टरनेट नेटवर्किङ्ग सिसि टिभि मर्मत सुधारको लागि रु. १,९०,०००।

(ङ) खेलकुद मैदान मास्टर प्लान तयार रु. ५,००,०००।

३. चालु आर्थिक वर्षमा दायित्व श्रृजना भई सम्पन्न हुन नसकेका तपशिलका कार्यक्रमहरुको दायित्व आगामी आर्थिक वर्षको फागुन मसान्त सम्म थप गर्ने :

| सि.नं. | आयोजना कार्यक्रमको विवरण | विनियोजित बजेट रकम | थप गर्नुपर्ने कारण | थप गर्नुपर्ने समयावधि |
|---|---|---|---|---|
| १. | गाउँपालिकाको डिजिटल प्रोफाइल तयार | १०,००,०००। | कोभिड-१९ ले गर्दा तथ्यांक संकलनमा समस्या भएको | २०७८ चैत्र मसान्त |
| २. | वाघमारा पचभैया घाटमा प्रतिक्षलय निर्माण तथा व्यवस्थापन | ५,००,०००। | कोभिड-१९ ले गर्दा तथ्यांक संकलनमा समस्या भएको | २०७८ फागुन मसान्त |

४. राक्सिराङ्ग गाउँपालिकाको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ लाई स्विकृत गर्ने ।

५. (क) निर्माणाधिन परेवाभिर सडक खण्डको क्षति भएर बाँकी रहेको भागको प्राविधिक मूल्यांकनका अनुसार भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ वमोजिम कूल कवोल अंकको २३.४५ प्रतिशतले हुन आउने रकम रु.८८,६६,१२०। रकम सोही शीर्षकमा आगामी आ.व.को लागि विनियोजित रकम समेतबाट खर्च गर्ने ।

६. जिल्ला समन्वय समिति, मकवानपुर र गाउँपालिकाको लागत साझेदारीमा निर्माण कार्य सुरु भएको स्वस्थ्य संस्था भवन निर्माण सम्पन्न भइसकेको हुँदा जिल्ला समन्वय समिति, मकवानपुरसँग बाँकी रकम निकासाको लागि अनुरोध गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**